# नमुना प्रश्नपत्र-२०७३

# नेपाली

कक्षा : १२ ( विज्ञान ) पूर्णाङ्क १००
समय : ३ घन्टा उत्तीर्णाङ्क : ४०

## नमुना - १

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) तल दिइएका वर्णहरूको उच्चारण प्रयत्न र घोषत्व चिनाउनु होस्:
ग, झ, व, ह, ल

(ख) तलका शब्दहरूको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् :
सात, कषि, ज्ञानराशि, अभिव्यक्ति, औचित्यपूर्ण ।

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

सन २०१७ मा नेपालले धेरै पर्यटक भित्र्याउने लक्षे राखेका छन आवशेक प्रचार प्रसार नभएकोले सरकारि लक्ष्य पुरा नहुने आंशका छ, तपाइलाई कस्तो लाग्छ ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : ३

भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य देशमा गल्लीको बोक्रे भलादमी बनि पो हाल्दछौ ।

४. तलको अनुच्छेदबाट दुईओटा तद्भव र दुईओटा आगन्तुक शब्द खोजी लेख्नुहोस् : २

सडकको माझमा असहाय मेरो निरपानी रङ्गको सुन्दर शान्त र शालीन आलु घोडालाई आफ्नो भयानक पाङ्ग्राले किच्दै मोटर अघि बढ्यो, अनि मेरो कानमा आवाज आयो ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ६

(क) तलको अनुछेदबाट तिन ओटा उपसर्ग व्युत्पन्न शब्द र तिन ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् ।

जैविक विविधताले मानवीय शान्तिमा मात्र होइन, उसका सामाजिक गतिविधिमा पनि प्रशस्त प्रभाव पारेको छ । अपराध र घृणित दुष्कर्मप्रति प्रतिबद्ध कतिपय बेइमान सञ्चालकहरूले स्वदेशी सिपालु हातलाई भन्दा विदेशमा निर्मित वस्तुलाई बढी प्रयोग गर्न थालेका छन्

(ख) तलको अनुच्छेदबाट तीनओटा समस्त र तीनओटा द्वित्व शब्द टिपी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् :

चारकोसे झाडीमा लाम्पुच्छ्रे मात्र होइन चौपाया पनि प्रशस्त छन् । हिजोआज, हृष्टपुष्ट, कामचोर पनि भेटिन्छन् । तसर्थ छिटोछिटो भातसात कपाकप खाएर अरुसँग झैंझगडा नगरी मरमसला बोकेर आफ्नै काममा लाग्नुपर्दछ ।

(ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धिविच्छेद गर्नुहोस् :

अपाङ्ग व्यक्तिले हिमालय चढेर, विद्यालयमा पढेर राम्रा सूक्ति अनूदित गर्ने छन् । सदैव हामीले मतैक्य भएर ती देवर्षितुल्य प्रत्येक प्रतिभालाई स्वागत गरी परोपकारको पाठ पढाउनु पर्छ ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) वाक्यढाँचा सहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

काला चराहरू आकाशमा उडे । सिकारीले गुलेली ताक्यो । कमिलाले सिकारीको खुट्टामा टोकिदियो । ऊ छट्पटायो । बन्दुक पड्क्यो । चराहरू भागे ।

(ख) तलको अनुच्छेदमा प्रयुक्त सबै क्रियापदलाई सामान्य भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

म सौराहा जान्छु । मलाई त्यो ठाउँ राम्रो लाग्छ । म त्यहाँ पुराना साथी भेट्छु । साथीहरुले मलाई उपहार दिन्छन् । ती उपहार लिएर म घर फर्कन्छु ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ६

(क) तलको वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

मेरी काकीको छोरी काठमाडौं बस्छ । ऊ कलेजमा पढ्छन् । ऊ मेहनती हुनुहुन्छ । उसकी बहिनी पनि त्यहाँ सँगै बसेर पढ्छ । उनीहरू राम्रा श्रेणीमा उत्तीर्ण हुन्छ ।

(ख) 'ले, लाई, बाट, द्वारा, मा, देखि विभक्ति प्रयोग गरी ६ वटा वाक्यमा आफ्नो विद्यालयको वयान गर्नुहोस् ।

८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×४=८

(क) तलका आठवटा सरल वाक्यलाई चारवटा जटिल (संयुक्त/मिश्र) वाक्यमा बदल्नुहोस् ।

मनिसले पैसा कमाउँछ । मानिसले सुख पाउँछ । तिमी काम गर्दैनौ । तिमी प्रगति गर्न सक्दैनौ । तिमीले प्रगति गरेनौ । तिमी असफल हुन्छौ । जीवन असफल हुन्छ । निराशा छाउँछ ।

(ख) आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

नेपालले सन् २०१७ लाई पर्यटन वर्ष घोषणा गरी मनाउने निर्णय गरेको छ । यसका लागि स्वदेश विदेशमा कार्यक्रमहरु गरिनुपर्छ । पर्यटकलाई स्वदेश भित्र्याइँदैछ । उनीहरुको चाहना अनुरूप खानेकुरा होटेलहरुले तयार गरेका छन् । यस अघि पनि पर्यटन वर्ष मनाइयो । प्रशस्त सरकारी बजेट खर्च गरियो । पत्रपत्रिकामा प्रचारप्रसार गरियो । हामी पर्यटन वर्षलाई सफल बनाउने छौँ ।

(ग) तलका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

मेरो विद्यालय गाउँका सिरानमा छ । त्यहाँको वातावरण शान्त छ । त्यहाँ अनुशासनलाई प्राथमिकता दिइएको छ । त्यहाँ नियमित पढाइ हुन्छ ।

९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्: १०

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । मध्य पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन, नवलपुर उपत्यका, काठमाडौँ उपत्यका, सिन्धुली माडी उपत्यका र अरु नदी किनारका अनेक उपत्यका छन् । भूगर्भवेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवतः यी सबै उपत्यकाको पानी त्यसपछि खुल्यो होला । पानी बगेर गएपछि यहाँ जङ्गल भयो होला र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भएको हुनुपर्छ । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहको लागि यसतर्फ सिकार गर्न पस्यो होला । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दशहजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजार देखि पाँच हजार वर्षतिर आएर आफ्नो जीवन नवपाषाण युगमा पुर्‍यायो । यस मयमा मानवले कृषिकर्म अपनाउन थालि सकेको थियो ।

**प्रश्नहरू :**

(क) नेपालका उपत्यकाहरुमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ?

(ख) आदि मानव यी उपत्यकामा पस्नुअघि यहाँ कस्तो वातावरण थियो ?

(ग) मानवले यायावरीय जीवन बिताउनुको कारण के हो ?

(घ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?

(ङ) 'भूगर्भवेत्ता' र 'पाषाण युग' को अर्थ के हो ?

१०. तल दिइएको अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदाहरू टिप्नुहोस् : ५

राष्ट्र नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ । यद्यपि प्रचार प्रसार विना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्न । तसर्थ पर्यटन प्रवर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कला कौशल झल्काउने खालको स्तरीय पोष्टर एवम् पत्र पत्रिका विश्वभर फैलाउनु पर्दछ । यसका साथै पर्यटक स्वयम् पनि प्रचार प्रसारको सबल माध्यम बन्न सक्ने यथार्थका आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न सकिन्छ । यसका लागि सेवा भावनाले प्रेरित हुँदै होटलहरुको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । त्यस्तै गरी निजी क्षेत्रमा सञ्चालित नेपालका ट्राभल एजेन्सी र ट्रेकिङ व्यवसायीहरूले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशिलता बढाउनुपर्ने देखिन्छ । यसका साथै पर्यटन विकासमा यातायातको भूमिका पनि निकै महत्वपूर्ण मानिन्छ । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यो देश जल यातायातको सुविधाबाट वञ्चित छ । यही तथ्यलाई हृदयङ्गम गरी हामीले पर्यटन प्रवर्द्धनका लागि वर्तमान मानव जीवनको महत्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यवस्थित र सङ्गठित रूपबाट गर्नु अनिवार्य हुन्छ । यिनै कुरालाई साकाररूप दिन नेपालले पनि केही समयका अन्तरालमा 'नेपाल भ्रमण वर्ष' को आयोजना गर्दै आएको छ ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) आफ्नो जिल्लाबाट पठनपाठनका लागि काठमाडौँ आएका विद्यार्थीहरूको 'वनभोज' कार्यक्रमका लागि आयोजकका तर्फबाट निकालिने एउटा सूचनाको नमुना तयार पार्नुहोस् ।

(ख) आफ्नो घरमा खानेपानीको पाइप जडान गरिदिन अनुरोध गर्दै स्थानीय खानेपानी कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस् ।

१२. आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् । ५

(मान्नुहोस् : तपाईंको नाम साजन हो र तपाईंको विद्यालयको नाम सगरमाथा उ.मा.वि. सोलुखुम्बु  हो ।)

**अथवा**

'शिक्षित युवाको विदेश पलायन' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस्:१०

(क) हाम्रा पाहुना : पर्यटक

(ख) मैले चाहेको नयाँ नेपाल

(ग) सामाजिक उत्थानमा महिलाको भूमिका

१४. 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५+५=१०

के त ? यसको माने यही हो किसानका छोरा केही होइनन् ? किसान केही होइन ? त्यसमा मनुष्यत्व केही छैन? शिवनारानले पनि अलि दह्रो भएर जवाफ दिए । "किसान राजा हुन्, सम्राट हुन्, देउता हुन्, परमात्मा हुन् ।" व्यङ्ग्यभावमा रामबहादुरले भने । "किसान माथि व्यङ्ग्य हानेर तपाई यस्तो उपेक्षित कुरा नगर्नु होला रामबहादुरजी । तपाईलाई म यो पनि बताइदिन चाहन्छु - एक चोटिलाई मैले क्षमा गरेको छु । किसान अरु केही थोक नभए तापनि तपाईको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिइ रहने एउटा त्यागी र तपस्वी जाति हो अझ यो भन्दा पनि बढ्ता तपाई थाहा पाउन चाहनु हुन्छ भने पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठुलो किसान हो, जसलाई तपाई ईश्वर भन्न चाहनु हुन्छ कि परमेश्वर अथवा जे भन्नोस् ।" बडो गर्वसाथ शिवनारानले भने ।

**प्रश्नहरू :**

(क) माथिको गद्यांशका आधारमा शिवनारानको चरित्र चित्रण गर्नुहोस् ।

(ख) उपर्युक्त गद्यांशका आधारमा किसान जातिको महत्व र तिनमा आएको क्रान्तिचेतनाको विश्लेषण गर्नुहोस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०

(क) तलको कविताांश पढी सोधिएका प्रश्नहरूको छोटो छोटो उत्तर दिनुहोस् :

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा

हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

**प्रश्नहरू :**

(अ) यस कवितांशमा कस्तो वातावरणको चित्रण छ ?

(आ) 'हरियो फरिया' भनेको के हो र त्यो कसले लगाएको छ ?

(इ) 'हिमालले ढाड सेकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?

(ई) मनले सपनामा पाइला टेक्नु भनेको के हो ?

(उ) यस कवितांशमा देशभक्तिपूर्ण भाव कसरी अभिव्यक्त भएको छ?

(ख) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस्:

के रुपियाँको लोभ देखाउँछौ साहु, गरिब छु, निमेकमजुरीले छाक टार्नु पर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यतिसारो निच भएको छैन । छिमेकीलाई जिउँदाको जन्ती मर्दाको मलामी भन्छन् । यस्ता बेलामा चटक्क छाडेर भारी खेप्न हिंडे मर्दैन ? तिमी त ठमठम्ती छौ र रुपियाँको धाक देखाउँछौ । धनजितेका झैँ चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ ।"

**प्रश्नहरू :**

(अ) यो भनाइ कसको हो ?

(आ) यस उद्धरणको सन्दर्भ के हो ?

(इ) 'पैसाको निम्ति आत्मा बेच्ने त्यतिसारो निच भएको छैन' भन्नुको तात्पर्य के हो ?

(ई) "अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ" भनेर के कुरा थाहा दिन खोजिएको छ ?

(उ) यस अनुच्छेदमा छिमेकीमा हुनुपर्ने के कस्ता गुण देखाइएका छन्?

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

स्वास्नीमान्छेलाई लोग्नेमान्छे र लोग्नेमान्छेलाई स्वास्नीमान्छे साथी बनाउन अप्ठ्यारो पार्ने एउटा ठुलो कारण सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानी पनि हो अर्थात् हामी सिद्धान्तलाई व्यावहारिक रुप दिने प्रयत्न गर्नुको सट्टा त्यसको खालि गुन गाएर हिँड्छौँ । हामी न्यायको माहात्म्य गाउँछौँ तर स्वयम् अन्याय गर्नबाट पछि सर्दैनौँ । हामी विश्वबन्धुत्व र देशभक्तिको बयान गर्छौँ तर खुद मानवताको विपरीत र देश भाँड्ने काम गरी हिंड्छौँ । हामी साम्प्रदायिकताको निन्दा

गर्छौं, आर्थिक समानता र स्त्रीपुरुषको समानताको ओड लिन्छौं तर आफैँ साम्प्रदायिक भावना अनुसार चल्छौं । आफैँ स्त्री पुरुषको समानता र आर्थिक समानताको उल्टो हिँड्छौं ।

**प्रश्नहरू** :

(अ) यस निबन्धांशका लेखक को हुन् र निबन्धको शीर्षक के हो ?

(आ) यहाँ समाजको कुन पक्षप्रति व्यङ्ग्य गरिएको छ ?

(इ) नारी पुरुष साथी बन्न नसक्नुको मुख्य कारण के हो ?

(ई) हामी कुन कुन पक्षमा उल्टो यात्रा गर्दै छौँ ?

(उ) हामीमा रहेका दुर्गुणहरू के के हुन् ?

१६. बौलाहा काजी साँच्चिकै बहुला हो वा होइन, 'बौलाहा काजीको सपना' नाटकका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् :

# नमुना - २

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तलका वर्णको उच्चारण प्रयत्न र प्राणत्व छुट्याउनुहोस् ।

ज , ठ , फ , व , स

ख) तल दिइएका शब्दको अक्षरीकरण गरी अक्षर सङ्ख्या समेत देखाउनुहोस् :

स्याल, कमल, अन्याय, विशेषता, रोमाञ्चकता

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

मेरो घर काठमाण्डु महानगरपालिकाअन्तर्गत वडा नं. ३४ मा पर्छ । अन्तर्राष्ट्रीय सम्मेलन केन्द्र यहिँ छ शम्विधान सभाका सभाषद् ज्युहरूलाई यहिँ भेट्न पाइन्छ नेपालको सबैभन्दा बिशाल बिमानष्थल पनी यहाँबाट नजीकै छ ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् ३

पढेको मान्छे असल हुन्छ । ऊसँग राम्रो ज्ञान हुन्छ । उसले देशमा परिवर्तनको ज्वाला दनदनी दन्काउन सक्छ । तर यहाँ यस्ता मान्छेहरु नै पलायन भइसके ।

४. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र तद्भव शब्द खोजी लेख्नुहोस् : २

हातले बनाउने कला नै हस्तकला हो । हस्तकला सम्बन्धी सीपको राम्रो विकास गर्न सके कामको अवसरमा वृद्धि हुने थियो । घरेलु उद्योगको रूपमा विकास गर्न सकिने हस्तकला प्रविधिले अवश्य पनि नेपाल र नेपालीको उन्नति हुने थियो ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×३=६

क) तलको अनुच्छेदबाट तीन ओटा उपसर्ग व्युत्पन्न र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :

असल मानिसको अकाल मृत्यु भयो भन्ने कुरामा अनविश्वास हुनु अस्वाभाविक होइन । कुलतका कारण विसन्चो भएकाहरूप्रति हामी बेमतलबमा चिन्तित हुने गर्छौं । असामाजिक आचरणप्रति हामीले सचेतता अपनाउनै पर्छ ।

ख) तलको अनुच्छेदबाट ३ ओटा समस्त शब्द तथा ३ ओटा द्वित्व शब्द टिपोट गरी समस्त शब्दलाई विग्रह र द्वित्व शब्दमा दोहोरिएको अंश लेख्नु होस् :

नेपाली समाजमा आलोपालो काम गर्ने र सरसमस्या पर्दा ऐँचोपैँचो चलाउने प्रचलन छँदैछ । दिनरात पसिना बगाउने मानमर्यादा भएका बुद्धिजीवीहरू पनि एकआपसमा सरसहयोग गरेरै जीवनगुजारा गरिरहेका छन् ।

ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त व्युत्पन्न शब्दहरू खोजी तिनको सन्धिविच्छेद गर्नुहोस् :

नेपालमा थुप्रै हिमालयहरू छन् । त्यसैले यहाँ पर्यटनको राम्रो सम्भावना छ । तर अहिले आफ्नो देशलाई भुलेर विदेश पलायन हुनेहरू अत्यधिक बढिरहेका छन् । यो देश त वास्तवमा परमेश्वरको सुन्दर वरदान नै हो । यहाँबाट सूर्योदय र सूर्यास्तका मनोरम दृष्यहरू पनि देखिन्छन् ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तलको अनुच्छेदमा रहेका वाक्यहरुलाई वाक्य ढाँचा मिलाई अज्ञात भूतकालमा परिवर्तन गर्नुहोस् :

ग्लोबल कलेजका विद्यार्थीहरु राम्ररी पढ्छन् । उनीहरूले पहिले पनि धेरै मिहिनेत गरेका थिए । उनीहरू अनुशासनलाई आफ्नो गहना मान्छन् । उनीहरूले उच्च शैक्षिक उपलब्धि हासिल गर्नुलाई एक मात्र लक्ष्य बनाएका छन् । उनीहरू असल नागरिक बन्छन् ।

ख) तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक वाक्य ढाँचा मिलाई सम्भावनार्थक र मध्यम आदरमा परिवर्तन गर्नुहोस् :

गुरुले व्याकरण पढाउनुभयो । उहाँले पढाएको कुरा बुझ्नुपर्छ । बावाले पनि मलाई केही सिकाउनुहुन्छ । मेरो भाइले चाहिँ मैले लेखेको कुरा पनि च्यातिदिन्छ । ऊ घरमा खेलिरहेको छ ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ६

क) कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारकको प्रयोग गरी आफ्नी आमाको वर्णन गर्दै एक अनुच्छेद तयार पार्नुहोस् ।

ख) तलको अनुच्छेदमा रहेका वाक्यहरूलाई पदसङ्गति मिलाई लेख्नुहोस् :
मैले पुरस्कार पायो। उहाँले पनि पाएछन् । प्रियाले त सर्वोत्कृष्ट अङ्क ल्याएछ । हामी पनि राम्रैगरी पढ्छु । तिमी चाहिँ कहिले पास हुन्छस् ? उनीहरूले त पढेनछ ।

८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×४=८

क) तलका प्रत्यक्ष कथनमा रहेका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस्:
सुजनले मलाई भन्यो - "तिमी खुब चलाख छौ ।"
अस्मिताले भनिन् - "प्रशंसा धेरै मिहिनेती छिन् ।"
"नेताले देश लुटे " रोमेलले साथीहरूसँग भने ।
"समाज परिवर्तन गर्नु हाम्रो दायित्व हो" यो आजका युवाको आवाज हो ।

ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गर्नुहोस्:
म साथीको घरतिर लागेँ । मैले बाटामा तीन जना साथीहरू भेटेँ । साथीले मलाई भोजमा बोलाएको थियो । भोजमा रमाइलो गरियो । तिमी त गएनछौ । सबैले तिमीलाई खोजे । मैले त्यहाँ नाचेँ । मलाई सबैले साथ दिए ।

ग) तलका वाक्यहरूलाई आठ ओटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् :
भक्तेले वीरेलाई डेरामा ल्यायो र बेसरी पिट्यो । वीरेले मैले पैसा माग्दै हिँडेको होइन भन्यो तर यो कुरा सत्य थिएन । जब काजीले भक्तेलाई सम्झायो तब उसले वीरेलाई स्कुल पठायो । वीरे स्कुल गयो तर गरीबीकै कारण उपचार गर्न नसकेर अकालमै मऱ्यो ।

९. तल दिइएको बोध अंश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : १०

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र हाम्रा लागि उपभोग गर्न उपयुक्त हुँदैन । पानी प्रदुषित हुनुमा धेरै कारणहरू हुन सक्छन् । हुन त सबभन्दा शुद्ध पानी वर्षाको मान्न सकिन्छ । जुन बेला बादल चिसिएर पानी बन्छ, त्यस बेला पानी शुद्ध हुन्छ । तर जब पानी आकाशबाट खस्न थाल्छ, तब हावामा रहेका धुलोका कणहरु र ग्याँसहरुसँग सम्पर्कमा आएर पानी दुषित हुन थाल्छ । खास गरेर

उद्योगहरुबाट धुवाँ धेरै फालिने ठाउँमा पानी  धुवाँका कणहरूसँग मिसिएर तेजाब बन्छ र अम्लीय वर्षा हुन्छ । अम्लीय वर्षाको पानी निर्मल देखिन्छ तर यसमा माछा लगायत अन्य जीवहरू भने बाँच्न सक्दैनन् । अव्यवस्थित ढङ्गद्धारा ढल फाल्नाले पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको उदाहरणका रुपमा काठमाडौँ वरपर बग्ने टुकुचा, विष्णुमती र बागमती  खोलाहरुमा बगेको पानीमा नै देख्न सकिन्छ । ढल निकासले गर्दा प्रदुषित भएको पानीमा रोगका कीटाणुहरू व्यापक रूपमा फस्टाउने गर्दछन् । साथै, त्यस्तो पानीमा  झारहरु उम्रिए पनि पछि पानीमा रहने माछा र अन्य जीवहरू नष्ट हुन्छन् । खेतबारीबाट बग्ने रासायनिक मल, कल कारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बस बिसौनीहरुबाट बग्ने रासायनिक पदार्थहरू मिसिएको भलले पनि पानी प्रदूषित हुन्छ । रासायनिक पदार्थहरू मिसिएको पानि स्वास्थ्यका लागि हानिकारक हुन्छ । कल कारखानाबाट रासायनिक झोलहरू उपचार गरेर फाल्नु पर्दा खर्च लाग्न सक्छ । तर त्यस्ता झोलहरूका कारणले पानी दूषित हुँदा त्यसबाट हुने सङ्कट आखिरमा मानिस आफैँले भोग्नु पर्ने हुन्छ । कतिपय मिलहरूमा यन्त्रहरूलाई चिसो पार्न पानीको प्रयोग गरिन्छ ।  त्यसबाट निकासमा पठाइने पानी बाहिरको प्राकृतिक श्रोतबाट आएका पानीभन्दा अलि तातो हुन्छ । त्यसैले सामान्य तातो पानी खान र त्यस्तो पानीमा बस्न नसक्ने जीवाणु एवम् माछाहरू मर्न सक्छन् । पानीसँग सम्बन्धित अरु पनि समस्याहरू हुन सक्छन् । ती मध्ये खाने पानीको अभाव एउटा हो । पानीको परिमाण कम हुनु भएको पानी दूषित हुनु र खेर जानु वास्तवमा समस्या नै हो । त्यसै गरी अर्को समस्या हो, बाढी । नदीमा पानीको बहाव धेरै हुन गई  वरपरको घरखेतसम्म पानी पानी बग्न सक्छ । यसको खास कारण हो - वर्षाको पानी जमिनभित्र रसाएर जानुभन्दा भलको रूपमा बग्नु । त्यसो हुनुका कारण जमिनमा हरियाली कम भई माटो सुक्खा र कडा हुनु हो ।

**प्रश्नहरू :**

क)  अम्लीय वर्षा कसरी हुन्छ ?

ख)  कल कारखानाबाट बग्ने रासायनिक मिसिएको झोलले कसरी मानिस सङ्कटमा पर्छन् ?

ग)  जमीन सुक्खा हुनुको कारण के हो ?

घ)  अम्लीय, कीटाणु, रासायनिक र जीव शब्दको अर्थ लेख्नु होस् ।

ङ)  पानीसँग सम्बन्धित यस्ता समस्याको समाधान कसरी गर्न सकिन्छ ?

१०. तल दिइएको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् :     ५

विकासवादी दृष्टिकोण अनुसार ईश्वरको सत्तामा प्रश्नचिह्न देखा परेपछि अवधारणामा अडेको आदर्शवादका सट्टा वस्तुवाद वा यथार्थवादले बल पाउन थाल्यो । किनभने डार्विनको विकासवादले प्रकृतिलाई नै प्रधानता दिँदै प्रकृतवादलाई दार्शनिक आधार प्रदान गरेको छ । ईश्वरको सट्टा प्रकृति र  प्राकृतिक नियमले महत्व पाएपछि प्रकृतवादी दर्शन देखा पऱ्यो, त्यसमा आदर्शवादको स्वप्न महल गर्ल्यामगुर्लुम ढल्नुका साथै वस्तुवाद समेत देखा परि सकेको छ ।  वस्तुवादसँग प्रकृतवादको पनि सहमति नै छ । अवश्य नै वस्तुवादले बाह्य यथार्थमै जोड दिएकोमा प्रकृतवादले प्राणी मात्रको भित्री यथार्थलाई पनि छोयो । जब मानिस एक प्राणी मात्र रह्यो, त्यहाँ मानिसका मनमा ईश्वरको सिंहासन बाँकी रहेन । यसै क्रममा अति यथार्थवादको उदय भएपछि चाहिँ बाह्य वस्तु यथार्थलाई भन्दा भित्री मनको यथार्थलाई जोड दिन थालियो । यस मानसिक यथार्थमा पनि आदर्शवादलाई ठाउँ रहेन । अति यथार्थवाद वाह्य यथार्थमा आधारित वस्तुवादलाई भन्दा भित्री अमूर्त यथार्थलाई महत्व दिने प्रकृतवादको बढी नजिक छ । त्यसैले अति यथार्थवाद आर्दशवाद र वस्तुवाद दुवैसँग असहमत छ । अति यथार्थवादको आधारशिला फायडको स्वप्न मनोविज्ञान हो भने पनि हुन्छ । यसले मानव मनमा उब्जेका आकस्मिक इच्छाहरूलाई मनका असीमित कल्पनाका तरङ्गहरूलाई र स्वप्निल संसारका भित्री यथार्थलाई समर्थन गरिरहेको हुन्छ । बाह्य वस्तु यथार्थप्रति तार्किक दृष्टि राख्नु, बौद्धिक नियन्त्रणको पासो फैलाउनु तथा धार्मिक र नैतिक आदर्शवादलाई बढावा दिनु जस्ता कुराहरूलाई अति यथार्थवादले उपेक्षा गर्दछ । फायडको स्वप्न मनोविज्ञानका आधारमा मानव मनका आन्तरिक इच्छा, रुचि एवम् प्रकृतिको उदघाटन गर्नु अति यथार्थवादको विषेशता हो मानवका भित्री इच्छा रुचि र प्रकृतिहरू मनभित्रै दबिएर रहे भने उसमा अनेकौं मानसिक ग्रन्थीहरूको जन्म हुन्छ । तसर्थ मानिसको भित्री मनको रहस्य पहिल्याई त्यसलाई बाहिर प्रकाशमा ल्याउनु अति यथार्थवादको मुख्य लक्ष्य हो ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तपाईंका गाउँघरमा खाने पानीको उचित प्रबन्ध हुन नसक्दा त्यसबाट पैदा भएका समस्यातर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनका निम्ति स्थानीय पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् ।

ख) ग्लोवल पुस्तक पसलले विभिन्न विषयका एकसय (१००) थान पुस्तकहरू साझा प्रकाशनबाट मगाएको विषयमा आधारित एक व्यावसायिक पत्र तयार पार्नुहोस् ।

१२. आफ्नो कलेजको वार्षिकोत्सव तथा पुरस्कार वितरण समारोहको प्रतिवेदन तयार पार्नुहोस् : ५

**अथवा**

'महिला हिंसा' शीर्षकमा १५० शब्द सम्मको टिप्पणी लेख्नुहोस् ।

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् : १०

क) देश निर्माणमा युवा वर्गको भूमिका

ख) मेरो बाल्यकाल

ग) प्राविधिक शिक्षाको महत्व

१४. तल दिइएको नालापानीमा एकाङ्कीको अंश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : २×५=१०

जान देऊ अव जान देऊ, कि यो प्रान लेऊ
कि जसको प्रान हो उसलाई यो दान गर्न देऊ,
अब जान देऊ ! जान देऊ.....
कतिसम्म फुलको सुवास सासले खिचि राख्छौ ?
व्यर्थै किन जलको फोकालाई टिप्न खोज्छौ ?
सास फेर्नासाथ उड्छ फुलको सुवास फुलमा,
औंलाले छुनासाथ मिल्छ जलको छाया जलमा,
रुक्खिएको आँखाभरि आँसु भर्न देऊ,
नेपालीलाई नेपालको निम्ति मर्न देऊ अब जान देऊ
कि यो प्रान लेऊ ..........
घाइते भो मानिस यो मानिस कहाँ आयो,
मनिसले मानिसबाट सह्यार पनि पायो ,
धन्य कहलाऊ खोली हृदयको द्वार,
गुन लाएर मानिसलाई बैगुनी नपार,
कस्तुरीलाई हिमालको शिरमा चर्न देऊ,
नेपालीलाई नेपालको निम्ति मर्न देऊ, अब जान देऊ,
कि यो प्रान लेऊ ..............
कि जसको प्रान हो उसलाई यो दान गर्न देऊ
अब जान देऊ ! जान देऊ ............

**प्रश्नहरू :**

क) उक्त अनुच्छेदका आधारमा नरे कार्कीको चरित्र चित्रण गर्नुहोस् ?

ख) माथिको पाठमा के केस्तो भाव रहेको छ ? चर्चा गर्नुहोस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०

क) तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिम्झौंला कहाँ पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

**प्रश्नहरू :**

१) आकाश छुने टाकुरा भेटेर भेटिन्न भन्नुको तात्पर्य के हो ?
२) पूर्वको पहिलो उज्यालोले कुन कुराको बोध गराउँछ ?
३) पुर्खाको पाइला मेटेर मेटिन्न भनेको के हो ?
४) के भएमा नेपालीको अस्तित्व रहन्छ ?
५) उक्त श्लोकको मूल भाव के हो ?

ख) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

एक रात तिनी खाई पिई सुत्ने यत्न गरि रहेका थिए । तिनका मनमा धेरै प्रकारको विचार आउन थाल्यो । तिनको जीवन कसैले असफल भन्न सक्दैन । सानोतिनो पुँजी पनि कमाइ हालेका थिए । रुपियाँ जम्मा गर्दा अरुहरुले गरे जस्तो रैतीहरूलाई पिर पनि पारेनन् । तिनको कोही वैरी थिएन, यही तिनको सन्तोषको ठूलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइ रहेको बेलामा तिनीमाथि लट्ठीको प्रहार पर्‍यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहार कर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि - यो छुट्याउन गाहारो थियो ।

**प्रश्नहरू :**

१) कृष्ण राय के गरिरहेका थिए ?
२) कृष्ण रायको जीवनलाई कसैले पनि असफल भन्न नसक्ने कारण के हो ?
३) कृष्ण रायको सन्तोषको कारण के हो ?
४) कृष्ण रायको तन्द्राको सुख बढ्नुको कारण के थियो ?
५) कहाँ लट्ठी प्रहार भयो ?

ग) तलको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

वास्तवमा हाम्रो खाद्य सङ्कट भनेको भात सङ्कट हो । हाम्रो भोकमरी भातमरी हो । धान नफल्ने ठाउँमा आलु फल्छ, आलु नफल्ने ठाउँमा कोदो, कोदो नफल्ने ठाउँमा कागुनो, भोट प्रदेशतिर

उवा, करु फल्लान् । हिमखण्डलाई छोडेर केही नफल्ने मरुभूमि नै त नेपालमा छैन । तसर्थ कृषि खाद्यान्न र खाद्य सुरक्षाको बारेमा विकल्प खोज्न अब ढिलाइ गर्नु हुँदैन । यसका लागि ज्ञान र विज्ञान मात्र होइन मनोविज्ञानमा पनि परिवर्तनको आवश्यकता छ । कविले भने झैँ आफ्नै पाखुराको आधार र आफ्नै पैतालाको संसार खोज्ने बेला आएको छ । समाज र सरकार सबैले परनिर्भरताको संस्कारलाई त्याग्न सकेनन् भने भोकको सामना गर्नुपर्ने स्थिति टड्कारो छ ।

**प्रश्नहरू :**

१) भातमरी भनेको के हो ?

२) नेपालमा कहाँ कहाँ के के फल्छ ?

३) मनोविज्ञानमा परिवर्तनको आवश्यकता छ भन्नुको तात्पर्य के हो ?

४) के भएन भने भोकमरीको सामना गर्नुपर्ने स्थिति देखिन्छ ?

५) माथिको अनुच्छेदका निम्ति उपयुक्त शीर्षक दिनुहोस् ।

१६. नेपाली समाजमा नारी पुरुष समानताका निम्ति के गर्नुपर्ला ? 'आइमाई साथी' निबन्धका आधारमा आफ्नो दृष्टिकोण राख्नु होस् : ५

# नमुना - ३

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ५

क) तल दिइएका वर्णको उच्चारण स्थान र घोषत्व छुट्याउनुहोस् :

ख ज भ स र

ख) तल दिइएका शब्दहरूको अक्षरीकरण गरी सङ्ख्या समेत देखाउनुहोस्

परीक्षण, गणतन्त्र, विज्ञान, माध्यमिक, महान्यायाधिवक्ता ।

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

डोकामा नांलो लगाएर बीस किलो सामाग्री बोकि मेरो छोरा परदेस गयो । ऊ भारतको कलकत्ता पुग्यो । तेयहाँ उसले एकातीर काम गऱ्यो भने अर्कातिर पढेर बि.ए. उतिर्ण गऱ्यो । ऊ कहीले फर्केला भनि हामि दिन गनि रहेका छौ ऊ न आएकाले हामीलाई निकै पिर परेको छन् ।

३. तलका रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् : ३

हर्षनारानले पनि सबैको सल्लाह अनुसार पुतलीसँग विवाह गरे तर दाइजो भने केही ल्याएनन् । सबैले भने यस्तो पो हुनुपर्छ त बिहे ।

४. तलको अनुच्छेदबाट दुई दुई ओटा तद्भव र आगन्तुक शब्द टिप्नुहोस्: ५

अहिले संसारभसरि एच.आइ.भि.एड्सको महामारी छ । अफ्रिकी मुलुकहरू यसबाट बढी मात्रामा पीडित छन् । दक्षिण अफ्रिका, घाना, ट्युनिसिया आदि देशहरूमा लाखौँ सङ्ख्यामा एच.आइ.भि. पीडितहरू रहेका छन् । हाल नेपाल पनि यस्तो समस्याबाट ग्रस्त हुन थालेको छ । यसको समाधानका लागि हामीले आजैबाट काम थाल्नु आवश्यक छ ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×३=६

क) तलका उपसर्ग र प्रत्यय तगाएर एक एक ओटा शब्द निर्माण गर्नुहोस्

**उपसर्ग** : प्रति, ना, अप

**प्रत्यय** :आहा, अन्त, इय

ख) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्दहरू टिपोट गरी तिनको सन्धि

विच्छेद गर्नुहोस् :

नेपालमा पर्यटन उद्योगको राम्रो सम्भावना छ । पर्यटकहरूलाई उचित खानपान र बन्दोबस्त गरी हामीले स्वागत गर्न सक्नुपर्छ । देशबाट झैझगडा र अशान्ति भगाउन सक्नुपर्छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस्तो वैशिष्ट्यपूर्ण देशमा पर्यटनको उन्नयन गर्न सके देशको उन्नतिले शिखर छुन सक्छ ।

ग) तलको अनुच्छेदबाट तीन समस्त र तीन द्वित्व शब्द टिपी समस्त शब्दको विग्रह र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् :

छरछिमेकमा एँचोपैँचो चल्नु स्वभाविकै हो । नुनतेल चामलसामल र रुपैँया पैसा सरसापट चलाउने हाम्रो सामाजमा सबैलाई शिक्षादीक्षा दिएर बहुमुखी प्रतिभाको विकास गर्नु आवश्यक छ ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तलको अनुच्छेदमा रहेका वाक्यलाई वाक्य ढाँचा मिलाएर इच्छार्थक भावमा परिवर्तन गर्नुहोस् :

देशमा परिवर्तन आउने छ । हामी सबैले सुख समृद्धि पाउने छौँ । विदेशीले हामीलाई हेप्ने छैनन् । सबै नागरिक मिल्नुपर्छ । तिनीहरु पनि हाम्रो एकता र समृद्धि देखेर छक्क पर्नेछन् ।

ख) तलको अनुच्छेदमा रहेका वाक्यहरूलाई भविष्यत् कालमा परिवर्तत गर्नुहोस् :

हामी मिहिनेती छौँ । म पनि पौरखी छु । उनी त झन साहसी र परिश्रमी छिन् । तिनले गरेको काम अझै प्रशंसनीय छ । उनीहरू त आफ्नो पौरखमा प्रसन्न छन् ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ६

क) फरक फरक कारकको प्रयोग गरी छ वाक्यमा आफ्नो मिल्ने साथीको वर्णन गर्नुहोस् ।

ख) तलको अनुच्छेदमा रहेका वाक्यहरूलाई आवश्यक वाक्य ढाँचा सहित पदसङ्गति मिलाई लेख्नुहोस् :

विद्यार्थीहरू विदेशमुखी भएको छ । उनीहरूले स्वदेशमा सम्भावना देख्न छोड्यो । यो विडम्बनाको विषय हुन् । सरकार चाहिँ खोइ के हेरेर बस्नुभएको छन् । मैले त केही बुझ्न सकेन । हाम्रो देश त वास्तवमा सुन फल्ने आँगन पो हुन् त ।

८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×४=८

क) आवश्यक कुरा थपघट गरेर करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर्नुहोस् :

तिमी आउने भए म जान्छु । यहाँ जो सुकै आउन सक्छ । अष्टनारानले कसैलाई सोधेनन् । त्यहाँ त कोही पनि बस्दा रहेनछन् । उनीहरुले मिहिनेत नगरेका होइनन् । तिमीले हामीलाई देखेनौ ? हामी त्यहाँ थिएनौँ । हामी बजार गएका थियौँ ।

ख) आवश्यक कुरा मिलाई वाच्य परिवर्तन गर्नुहोस् :

म बिहान चाँडै उठछु । म दिनै पिच्छे ननुहाइ सक्दिन । नुहाइधुवाइ सकेर चिया पिउन त कसले भुल्छ र ? आफु त चिया आफैं पकाइन्छ । चिया खाएपछि पुस्तकहरु पढिन्छन् । कलेज त दिनैपिच्छे दगुरिन्छ । पढ्न त मन लगाएकै हुँ । नतिजा चाहिँ गतिलो ल्याइएको छैन ।

ग) एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

किसानले तरकारी खेती गऱ्यो । किसानले बजारमा लगेर तरकारी बेच्यो । किसानले पैसा कमायो । किसान युवाहरूको आदर्श बन्यो ।

९. दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : १०

खाद्यान्न उत्पादनका निम्ति खनजोत गरिने, बालीनाली लगाइने, मलजल हालिने, गोडमेल गरिने, बालीनाली भिœयाइने आदि सबै कामको सामुहिक नाम कृषि हो । कृषि कार्यका निम्ति खेत र बारी चाहिन्छन् सिँचाइको आवश्यकता पर्दछ र औजारहरु पनि चाहिन्छन् । खेती गरिने र खास गरी धान रोपिने जमिनलाई खेत भनिन्छ । यो गरा गरा पारी बनाइएको हुन्छ । नहर र कुलोको पानी लाग्ने गैरी खेत र पानी नलाग्ने अनि आकाशबाट पानी परेको मौका छोपी खेती गरिने टारी खेत गरी खेतका दुई प्रकार

छन् । नहर कुलो नलाग्ने र धान नफल्ने आबाद जग्गालाई बारी भनिन्छ । यसका पनि दुई प्रकार हुन्छन् - (१) पहाडका फेद / भित्तामा हुने भिरालो परेको तथा पानी नलाग्ने / नअडिने पाखो बारी वा भीर बारी र (२) रुख, बोट विरुवा आदि फाँडेर बाली लगाउनका निम्ति खनखान गरिएका पहाडी पाखाको / भित्ताको खोरिया बारी । उर्वरा शक्तिको आधारमा खेत वा कृषिभूमि चार प्रकारको हुन्छ - अब्बल, दोयम, सिम र चाहार । कुलो वा नहरबाट सिँचाइ सुविधा पुगेको, वर्षमा दुई वा सोभन्दा बढी बाली लाग्ने मलिलो माटो भएको असल, उम्दा र उब्जाउ भूमिलाई अब्बल खेत भनिन्छ । यस्तो खेत तराई र भित्री मधेसमा हुन्छ । दोश्रो दर्जाको वा अब्बलभन्दा कम उब्जाउ र सिमभन्दा बढी उब्जाउ हुने खालको खेत वा जग्गा जमिनलाई दोयम भनिन्छ । यस्तो जग्गा तराईका माथिल्लो भाग, भित्री मधेश, पहाडका केही ठाउँ र उपत्यकामा पनि भेटिन्छ । खाद्यान्नको उब्जनी राम्ररी नहुने तेस्रो दर्जाको खेतलाई सिम भनिन्छ । यस्तो खेत पहाडी भागमा हुन्छ । कुलो नलाग्ने र खेतीका निम्ति बर्सातमा भर पर्नु पर्ने अनि सुक्खा माटो भएको र सबभन्दा कमसल खेत चाहार हो । नेपालका उच्च पहाडी भेग र तल्लो हिमाली भेगमा यस्तो खेत रहेको छ । खेतीपातीका निम्ति खेतमा सिँचाइ गर्नु आवश्यक हुन्छ । नेपालमा परम्परागत सिँचाइका सिँढी (खेतको माथिल्लो गरामा पानी जमाई क्रमशः तलतिरका गरामा पानी पटाउने तरिका), इनार, टयुबवेल, कुलो आदिका सहायताले खेती गर्ने चलन चलि आएको छ । नेपालका तराई तथा भित्री मधेशमा नहरबाट सिँचाइ गर्ने आधुनिक प्रक्रियाको पनि विकास भइ रहेको छ । नेपालीहरुले खेतीपाती गर्दा हलो, जुवा, कोदालो, डल्लेठो, हजारी, लिँडुल्को, दाँदे, चाँदे, कुटो, हँसिया, कचिया खुर्पा आदि औजारहरू प्रयोग गर्दछन् । नेपाल कृषि प्रधान देश हो र यहाँका अधिकाँश जनता कृषिमा निर्भर छन् ।

**प्रश्नहरू :**

१) खेत र बारीमा के फरक छ ?

२) अब्बल, दोयम, सिम र चाहारका लक्षण के के हुन् ?

३) नेपालमा के कस्ता सिँचाइ प्रणाली प्रचलनमा छन् ?

४) नेपालमा प्रचलनमा रहेका कृषि औजारहरू के के हुन् ?

५) अर्थ स्पष्ट हुने गरी 'पाखो बारी' र 'खोरिया बारी' लाई वाक्यमा प्रयोग गर्नुहोस् ।

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नुहोस् : ५

तिनताक मेरो डेरा सहर नजिकैको गाउँमा थियो । आफ्नो कामका निम्ति मैले नित्य सहर जानुपर्थ्यो । मेरा छिमेकमा एक जना आइमाई मेरै उमेरकी

थिइन् । उनी पनि किनमेल र आफ्ना इष्टमित्रसँग भेटघाट गर्न दिनहुँ भने जस्तो सहर जाने गर्थिन् । म भरखर त्यस गाउँमा बस्न गएकाले त्यहाँका सबैजसो मानिस मेरा निम्ति नौला थिए । यी आइमाई भने छिमेकी भएकी हुनाले कहिले काहीँ बोलचालसम्म हुन्थ्यो । एक दिन उनी सहर जाने वेला पारेर म पनि हिँडें । सधैँ एक्लै भनेजसो हिँड्नु पर्ने हामी दुबै थरीलाई त्यस दिन कुरा गर्दै सहर जान पाउँदा बाटो काटेको भत्तै भएन, मानौँ आँखा एकचोटि झिम्म होउन्जेलमै हामी गाउँबाट सहर पुगि हाल्यौँ । सहरबाट फर्कँदा प्रायः घाम डुब्ने वेला हुन्थ्यो र कहिले काहीँ त झमक्कै साँझ पनि परि हाल्थ्यो । घर आइ पुग्ने वेलामा अलिकता बाटो डरलाग्दो खालको थियो । सहर पुगेपछि केही असजिलो माने झैँ गरी भने पनि सँगै फर्कन पाए हुन्थ्यो भन्ने कुरा उनले चुहाइन् । साँझमा हामी सँगै फर्क्यौँ पनि । फर्कँदा मैले अबदेखि सहर जाँदा आउँदा सकभर सँगै जाने आउने कुरा चलाएँ अनि त्यस्तै हुन थाल्यो । मैले एक जना आइमाई साथी छिटै बनाइ हालेँ ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) परिवारका कुनै एक जेष्ठ सदस्यको देहान्त भएपछि परिवारका तर्फबाट पत्रिकामा निकाल्ने समवेदना श्रद्धाञ्जलि तयार पार्नुहोस् ।

ख) नेपाल जलविद्युत् आयोजनाका लागि एक जना अधिकृत चाहिएको छ । उक्त पदपूर्तिका निम्ति उक्त आयोजनाले पत्रिकामा निकाल्ने आवश्यकता सम्बन्धी विज्ञापन तयार पार्नुहोस् ।

१२. 'सीपमूलक तथा व्यावसायिक शिक्षाको औचित्य' शीर्षकमा १५० शब्द सम्मको टिप्पणी लेख्नुहोस् । ५

**अथवा**

तपाईंले साथीहरूसँग गर्नुभएको कुनै एक सांस्कृतिक वा पर्यटकीय क्षेत्रको भ्रमणको प्रतिवेदन तयार पार्नुहोस् ।

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध रचना गर्नुहोस्: १०

क) हाम्रो संस्कृति हाम्रो वैभव

ख) समयको महत्व

ग) जलवायु परिवर्तन र हाम्रो भविष्य

१४. तल दिइएको 'बहुला काजीको सपना' नाटकको अंश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : १०

अँ पहिले पैसा नभए माग्नु पर्थ्यो । मागेर पनि कसैले सोझो मुखले नदिएको भए, यतिका सहरका घरहरु छँदै थिए नि, घनले ठोकेर, ताल्चा

फोरेर, खोसेर चोरेर भए पनि ल्याउनु पर्थ्यो । एउटा ज्यान मारेर ज्यानमारा बनि रहनु सट्टामा त चोर हुनु हजार गुना बेस । हामी ज्यानमारा हौँ, ज्यानमारा । किन चोरेनौँ ? किन लुटेनौँ ? चुप लाग अब रोएर छाती नै फोडे पनि के ? जो बित्यो । त्यो गयो, त्यो गयो ...... मेरो कत्रो आशा, कत्रो सपना, सबै चकनाचुर भयो । यस वीरेले केही पूरा गर्थ्यो, मलाई यति विश्वास थियो। संसारलाई बदलेर तयाँ रङ्गले पोतिदिने, नयाँ जीवनले छोइदिने, भैहाल्यो यस्तो लायक, यस्तो योग्य मानिस । हामीले ज्यान मारि दियौँ खालि गरिबीले !

क) माथिको पाठमा कसले कसलाई किन ज्यानमारा भनेको हो ? पाठका आधारमा विश्लेषण गर्नुहोस् ।

ख) उक्त अनुच्छेदका आधारमा बहुला काजीको चरित्र चित्रण गर्नुहोस्

१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २× ५=१०

क) तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

चियाको कित्ली जस्तै भकभकी उम्लि रहेको दुःखी मन अनि
रक्सीका बोतलहरुसित रित्ति रहेको बैँसालु यौवनलाई
विवशताको भोको थाली र कचौराहरुमा पस्केर
सन्तप्त मुस्कानहरुले उदासी बाँडि रहिछ
कान्छी, भट्टी थापि रहिछ ।

**प्रश्नहरू :**

अ) 'सन्तप्त मुस्कानहरूले उदासी बाँडि रहिछ' भन्नुको तात्पर्य के हो ?

आ) कान्छीको मन किन चियाको कित्ली जस्तै भकभकी उम्लि रहेको हो ?

इ) माथिको उद्धरणको मूल भाव के हो ?

ई) प्रस्तुत पाठमा चियाको कित्ली र मनलाई कसरी तुलना गरिएको छ ?

उ) विवशतको भोका थाली कचौरामा पस्कनु भनेको के हो ?

ख) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

"कस्तो कुरा गर्छस् बदरिया !" हुक्का अलि पर सार्दै मनोहरले तन्केर भने- "यो मजुर (मजदुर) को कुरा हो, कटाइ, रोपाइँ, निराइँमा साराले जो जो जहाँ पाए मजुरहरू तसल्ल गर्छन् । कसैको मजुर कसैले नछुटाउने र हानथाप नगर्ने संसारका गाउँहरूको चलन नै हो । कटाइको बखत, सोनुवा मजुरी बसिछ, कसरी भन्छस् पठाइ देऊ ? "

**प्रश्नहरू :**

१) मजुर तसल्ल गर्नु भनेको के हो ?

२) संसारका गाउँको चलन के हो ?

३) मनोहरले किन सोनवालाई नपठाउने कुरा गऱ्यो ?

४) माथिको भनाइ कसले कोसँग कहाँ भनेको हो ?

५) यसभन्दा पहिला कथामा भएको एउटा घटना उल्लेख गर्नुहोस् ।

ग) तलको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

"नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखाना भित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।"

**प्रश्नहरू :**

अ) 'नारीलाई नरकको मूल ढोका नठान्ने ' भन्नुको तात्पर्य के हो ?

आ) आधुनिक युवाहरूमा स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

इ) माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्बिर प्रस्तुत भएको छ ?

ई) लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

उ) माथिको अनुच्छेदमा लेखकले व्यक्त गरेको विचार तपाईलाई कस्तो लाग्यो?

१६. 'हारजित' कथाका पात्रहरू घुरहु र मनोहरमा कसको जित भएको छ ? आफ्नो धारणा दिनुहोस् । ५

# नमुना - ४

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तल दिइएका वर्णहरूलाई घोषत्व र प्राणत्वका आधारमा वर्गीकरण गर्नुहोस्

ङ, च, ढ, थ य

ख) तल दिइएका शब्दको अक्षरीकरण गरी संङ्ख्या समेत लेख्नुहोस्

ऋण, अमृत, अक्षांश, परमेश्वर, लच्याङलुरुङ

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

वागमति अत्येन्त सुन्दर नदी हो तर अहीले फोहोर भएको छ । यसका छेउमा पषुपतिनाथको मन्दिर छ । हाम्रो देशका बिभिन्न भाग र भारतबाट

समेत यहा पुजा गरन मान्छेहरु आउँछन् । समय समयमा यस मन्दिरमा ठुला ठुला मेला लाग्दछन् । हामीले यसको श्वच्छता जोगाउन पर्ने हो । तर केही गर्न नसकि लाज लाग्दो अवस्थालाइ निम्त्यायेका छौं ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : ३

तिम्रा छोरीहरू <u>आफ्नै</u> दाजुभाइ देख्दा <u>पनि</u> बाघ नै देखे <u>झैं</u> तर्सेर रुँदै तिम्रै खेकिलामा टाउको लुकाउन आउँछन् <u>रे</u> । <u>तिमीले</u> आफ्नो ममताको किरिया <u>खुवाइनौ</u> तिनीहरूलाई ?

४. तलको अनुच्छेदबाट दुई ओटा तत्सम र दुई ओटा आगन्तुक शब्द टिप्नुहोस्: २

अहिले अरबी देशहरूमा अहिले आन्दोलनको बाढी आइरहेछ । इजिप्ट, लिबिया, लाइपेरिया यसका जीवन्त नमुना हुन् । निरङ्कुश शासकहरूका सामन्ती व्यवहारबाट आजित जनतामा आक्रोशको ज्वाला दन्केको छ । यसले कहाँ कहाँ कसलाई सिध्याउने हो थाहा छैन ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×३=६

क) तलको अनुच्छेदबाट ६ ओटा सन्धियुक्त शब्दहरू टिपोट गरी तिनको सन्धिविच्छेद समेत गर्नु होस् :

हिमालय नेपालको प्राकृतिक वरदान हो । हिमाली सौन्दर्यले पर्यटन व्यवसाय बढेको छ । हाम्री ठुल्यामा र उनको छोरो महेश पनि पर्यटन पेसामा लागेर प्रशस्तै आर्थिक उन्नति गरेका छन् । अहिले त सानीमा र छोरी शुभेच्छा पनि पर्यटन प्रबर्धनमा जुटेका छन् ।

ख) तलको अनुच्छेदबाट तिन ओटा उपसर्ग व्युत्यन्न र तिन ओटा प्रत्यय व्युत्पन्न शब्द टिप्नुहोस् :

साहसिक काम गर्ने मान्छे नै साहसी मान्छे हो । यस्तो मान्छे मानवीय काममा प्रतिबद्ध हुन्छ । ऊ बलवान शत्रुसँग पनि प्रतिवाद गर्न सक्छ । सुकार्य गरेर गरिमामय छवि निर्माण गर्न चाहने पराक्रमीको पौरख नै सम्पति हो । यसलाई सुरक्षित राख्नु उसको धर्म र कर्म हो ।

ग) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द टिपी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस्:

आल्तुफाल्तु कुरामा अमूल्य समय बिताउने मुलुकले अग्रगति लिँदैन । आपसी झैझगडाको जालो चटाचट काट्दै अविश्वासका खाडलहरू रातारात पुर्नु आवश्यक छ । देशनिर्माताहरू मेचीमहाकाली पुग्न

सक्नुपर्छ । वरपर गाउँघर कुनाकाप्चा सबैतिरका टालटुल पारी सबैलाई मरमद्दत गर्न सक्नुपर्छ ।

६. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ५

क) तलको अनुच्छेदबाट रहेका वाक्यहरू एक वचन भए बहुवचनमा र बहुवचनमा भए एक वचनमा परिवर्तन गर्नुहोस् :

भक्ते केही बोलेन । उसले चुपचाप हेरि मात्र रह्यो । विद्यार्थीहरू स्कुलबाट हुरुरुरु निस्किए । वीरे पनि आयो । मास्टरहरूले भक्तेलाई बधाई दिए ।

ख) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् ।

मेरो सानो भाइ गाउँ गएको छ । ऊ भोलि आउने छ । उसले कोसेली ल्याउँछु भन्थ्यो । मामा पनि सँगै जानुभएको छ । घरमा एउटा गोरू पनि छ रे ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ६

क) भिन्न भिन्न कारकको प्रयोग गरी छ वाक्यमा आफ्ना पिताको दैनिकीको प्रयोग गर्नुहोस् ।

ख) तलको अनुच्छेदमा पदसङ्गति नमिलेका वाक्यलाई मिलाएर लेख्नुहोस्

गौरी सारै फुर्तिली छे । शङ्कर गरिब केटी हुन् । आज हाम्रो दाजु आएको छ । हामीले त भनेको छु । आउने साता हामी वनभोज जालान् । उनीहरू चाहिँ के भन्छ ?

८. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ४× २= ८

क) तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गनुहोस् :

उनीहरूले डुल्न जाने कुरा गरे । मैले पनि लुम्बिनी घुम्न जान मन लागेको विचार व्यक्त गरेँ । आमाले अहिले जानुपर्दैन, पढेर बस भन्नुभयो । मैले डुल्नु घुम्नु राम्रो हो भनेँ ।

ख) तलका कर्तृवाच्यलाई आवश्यकतानुसार कर्म र भाव वाच्यमा परिवर्तन गर्नुहोस् :

काम नगरेका कहाँ हौँ र ! उनीहरूले कुरा बुझेनन् । खानसम्म खाएछन् । तिनले चाहिँ के हेरे कुन्नि ! जे होस् जीवन चलाएकै छन् । मैले पनि काम ता गरेँ । तिमीले नि गऱ्यौ ? कुरा ठीक गरेँ नि मैले ।

ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

नानीथकुँले यति भनिन् । उनी फेरि माथि उक्लिन् । डाक्टर गोदत्त प्रसाद खिन्न भए । उनी फर्के ।

९. तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस्: १०

मनिसका मनमा उठ्ने सङ्गीतमय भावनाहरूको ज्वार भाषाको माध्यम अँगाली बग्यो भने त्यो कविता हुन्छ । त्यसैले कविताका तिन केन्द्रिय तत्व हुन् - भावना, सङ्गीत र भाषा / साहित्यका कविता बाहेकका गद्य जस्ता विधामा पनि मानव भावना र भाषाको संयोग हुने गर्दछ तर त्यहाँ संगीत अपेक्षित हुँदैन । गद्य विधाका कथा, उपन्यास आदिले छोटो वा लामो कथाको आधार लिई जीवनका भावनाहरुलाई व्यक्त गर्दछन् भने नाटकले भावनाको नाटकीकरणलाई नै मुख्य रुपमा अँगाल्छ । कविताले भने लयात्मक सङगीत वा अलिकति उन्मुक्त गद्य सङ्गीतको आधार नलिई सुख छैन । त्यसैले साहित्यकाअरु विधाबाट कवितालाई छुट्ट्याउने आधार यसले अँगाल्ने मानवीय हृदयको सङगीतमय धारा नै हो । यो धारा ज्यादा नियमित भयो भने छन्द बन्दछ अनि ज्यादा मुक्त रह्यो भने गद्य कविता । तर छन्दोबद्ध कविता वा पद्यमा पनि लयात्मक अनुशासन मात्र हुदैन । यसमा पनि सङगीतका स्वतन्त्र सम्भावनाहरु रहि रहन्छन् किन्तु कम मात्रामा । त्यस्तै गद्य कविताको मुक्त सङगीतमा पनि लयात्मक अनुशासनको न्युनतम तत्व रहि रहन्छन् । अन्यथा त्यो गद्य कविता नभई बिलकुल गद्य बन्न पुग्दछ । त्यसैले एउटाले धेरथोर अनुशासन र कम स्वतन्त्रतामा आफ्नो उच्च लयात्मकताको विन्दु भेट्दछ भने अर्काले कम अनुशासन र बढी मुक्तताको परिधिमा सङगीतको अर्कै सफलताको शिखरको अन्वेषण गर्दछ । कविताको आदि रूप गीत थियो र त्यो सङ्गीत प्रधान रह्यो । गीतकै कोखबाट जन्मिएको कविता शिशुले क्रमश: सङ्गीतलाई साध्यको सट्टा साधन बनाई भावनाको सूक्ष्म यात्रामा कलाका नयाँ आयामहरु खोज्यो भने गद्य कविताको यस लामो यात्रामा गद्य र पद्यका साँधमा गद्य कविताको नयाँ सीमान्त प्रदेशको आविष्कार भयो । यस प्रदेशमा सङ्गीत अझ गौण भई रहि नै रहेको छ तर भावनाका ज्वारमा त्यसले कविताका कलात्मक नयाँ सम्भावनाहरु खोज्दै छ ।

**प्रश्नहरू :**

१) कविता भनेको के हो र यसलाई अरु विधाबाट केले अलग पार्दछ ?

२) गद्य र पद्य कवितामा लयात्मक सङ्गीतका दृष्टिले के फरक पाइन्छ ?

३) गीत र पद्यमा के अन्तर रहेको छ ?

४) गद्य कवितको आविष्कार कसरी भयो ?

५) **छन्दोबद्ध, सङगीतमय, गद्य** र **मुक्त** शब्दको अर्थ लेख्नु होस् ।

१०. तलका अनुच्छेद पढी एक तृतीयांशमा नबढाई सङ्क्षेपीकरण गरेर शीर्षक समेत दिनुहोस् : ५

लोकतन्त्रमा सूचनाका माध्यमहरूको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूमा पनि प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारका तर्फबाट हुने परिपाटी अझै पनि नभएको होइन तर छापा माध्यम भने प्रायः सरकारद्धारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले पनि छापा माध्यम सरकारले चलाइ रहेको छ । लोकतन्त्रको पुनर्स्थापना पूर्व सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरु समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरुप निजी क्षेत्रको सञ्चार माध्यमहरुमाथिको नियन्त्रित परिपाटी समाप्त भयो । तर सरकारी संस्थाहरुबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणात्मक परिवर्तन आउन सकेके देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनका कारण हुन पुगेको स्वभाविक परिणाम जस्तै मात्रै अनुभव हुन्छ ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :

क) स्वास्थ्य शिविर सञ्चालन सम्बन्धी सूचना तयार पार्नुहोस् ।

ख) पुस्तक विमोचन समारोहका लागि आवश्यक पर्ने निमन्त्रणा पत्र तयार पार्नुहोस् ।

१२. 'वैदेशिक रोजगारको आकर्षण' शीर्षकमा १५० शब्द सम्मको टिप्पणलेख्नुहोस् ५

**अथवा**

आफ्नो कलेजमा आयोजित कविता गोष्ठीको प्रतिवेदन तयार पार्नुहोस् ।

१३. कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध रचना गर्नुहोस् १०

क) सूचना प्रविधि र आजको विश्व

ख) मेरो सपनाको देश

ग) लोकतन्त्र

१४. तल दिइएको बहुला काजीको सपना नाटकको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : १०

बुझ्यौ भक्ते ! यो तिम्रो छोरा हैन, देशको छोरा हो । यसलाई लायक बनाएर संसारलाई स्वर्ग बनाउने कर्मी बनाउनु पर्छ, बुझ्यौ ? नकर्मी,

सिकर्मी, डकर्मी सबै । खुब प्रयत्नसित, खुब मेहनतसित । यस्तो भरिया जीवनलाई उच्चाएर विकासतिर बढाएर हाँक्ने एउटा योग्य जवान चाहिन्छ । यो तेरो छोरा हुने छ । एउटा विद्वान् कुशल चाहिएको छ, यो तेरो छोरा हुने । एउटा वीर चाहिन्छ, यो तेरो वीरे हुने छ । लौ आजै अहिल्यै नै पढाउन लैजाने । पढेर जानेपछि, यो पृथ्वीलाई त्यसको विचारको ढाँचामा बनाउन लाउने, हेरुँ, कस्तो पृथ्वी बनाउँदो रहेछ !

**प्रश्नहरुरू:**

क) वीरेबाट काजीले कस्तो सपना देखेको छ ?

ख) माथिको अनुच्छेदमा कस्तो खालको विचार पाइन्छ ?

१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०

क) तलको कवितांश पढी सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् :

भनैं नि -
हर्क बहादुरको देश छैन
हर्क बहादुर हरिऔनको बासिन्दा मात्र पनि होइन
ऊ तपाईको गाउँमा /सहरमा/ देशमा पनि भेटिन सक्छ
जित बहादुर पनि हर्क बहादुर हो
भीम प्रसाद पनि हर्क बहादुर हो
हर्क बहादुर एकलव्यको नयाँ संस्करण हो
सलाम !

**प्रश्नहरुरू:**

अ) किन हर्कबहादुरको देश छैन ?

आ) हर्क बहादुर कहाँ कहाँ भेटिन्छ ?

इ) हर्क बहादुर को को हो ?

ई) हर्क बहादुरलाई किन एकलव्यको नयाँ संस्करण भनिएको हो ?

उ) उक्त कवितांशले समग्रमा के भन्न खोजेको हो ?

ख) तलको कथांश पढी सोधिएका प्रश्नहरुको छोटो-छोटो उत्तर दिनुहोस् :

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहिँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटोका भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ ।

**प्रश्नहरू :**

अ) यो भनाइ कसको हो ?

आ) झगडाको कारण के देखिन्छ ?

इ) झगडा भो भन्दैमा किन धर्म छाड्नु हुन्न ?

ई) 'संसार भरैभरमा अडेको छ' भन्नुको तात्पर्य के हो ?

उ) अमृत रोपेका ठाँउमा विष फल्दैन भनेको के हो ?

ग) तल दिइएको अंश पढी अन्त्यमा सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनुहोस्:

कसैलाई ढाक्रेबाट सोझै भन्सार अड्डाको हाकिम हुने काकताली पऱ्यो, यता बहाली गरेको भोलिपल्टै उता जेठी सासुको अपुताली पनि प-यो भने हामी भन्छौं - फलानाको तालुमा त आलु फलेछ । यसरी फल्ने आलुलाई न बल चाहिन्छ न जल न माटो चाहिन्छ न स्थल । कसैको रौं पनि उम्रन नसकेर वाँझो पल्टि रहेको तालुमा पनि रोप्नु न गोड्नुसित आलु फलि दिन्छ । यसरी तालुमा आलु फलेपछि मगजमा पिँडालु भरिएका र मुटुमा नालु भरिएका भलाद्मी पनि ठालु हुन्छन् । जसको तालुमै आलु फल्छ, उसलाई तरकारी समस्याले त के पिर्थ्यो र सरकारी नियम कानुनले पनि केही लछार्न सक्तैन । त्यसैले आलु परम भाग्यको प्रतीक हो, जो तालुमा फलाउन सक्यो भने आफ्नो जीवन मात्र होइन, सालीपट्टीका सात पुस्ता र भिनाजुपट्टीका नौ पुस्तासम्म सङ्कट मुक्त हुन्छन् ।

**प्रश्नहरू :**

अ) तालुमा आलु फलेछ भनेको के हो ?

आ) कस्तो आलुलाई मलजल केही चाहिँदैन?

इ) के हुँदा सबै ठालु बन्छन् ?

ई) मानिस सङ्कटमुक्त हुने कारण के हो ?

उ) 'काकताली' र 'मगज' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

१६. नरे घाइते हुँदा उपचारको निम्ति अङग्रेजको छाउनीमा जानु उपयुक्त थियो ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् । ५

# नमुना - ५

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् :
घ, ठ, द, फ, र

ख) तल दिइएका शब्दहरुको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् :
सल्यान, विश्लेषण, अर्थशास्त्री, औचित्य, प्रतिक्षा

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

अषारको महीना थियो । दिउँसोको टण्टलापुर घामका मारे किसानहरू मेला छाडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो कुलोमुनी आशामरु साहुको हिउदैं पसल, त्यसमुनि ज्यामिरे बँसिको फाँट । निकै रमाईलो ठाँउ थियो । किसान हरु सोहि पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : ३

जेसुकै होस् म सधै आलु खान्छु, तर मलाई सधैँ आलु खान डर लाग्छ किनभने म पनि बीसौँ शताब्दीकै आलु मान्छे, जसको कर्म हो आलु खानु, तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु। त्यसैले आलुका बारेमा लेखिएको यो निबन्धलाई कसैले आलु निबन्ध भन्छ भने भनिरहोस् मेरो दृष्टिमा यो पुरापुरा पेडा निबन्ध हो ।

४. तलको अनुच्छेदबाट दुई दुई ओटा तद्भव र आगन्तुक शब्द टिप्नुहोसः २

हामी नेपालीहरू स्वाभिमानी छौँ । हाम्रो राष्ट्र प्रकृतिको भण्डार हो । यहाँ असङ्ख्य प्रजातिका जीव वनस्पतिहरू छन् । तर हामी विदेशी वस्तु र संस्कृतिलाई अन्धाधुन्ध अनुसरण गरिरहेका छौँ । हामीलाई हाम्रा आफ्नै परिकार भन्दा चाउचाउ र चकलेट मन पर्छ, आफ्नै नदी र झरनाको चिसो पानीभन्दा कोक , फेन्टा र कृत्रिम जुस मिठो लाग्न थालेको छ ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×३=६

क) तलको अनुच्छद बाट ३ ओटा उपसर्ग र ३ ओटा प्रत्यय लागेका शब्दहरू टिप्नुहोस् :

नेपाली जनताहरू कहिले सम्पन्न बन्लान् ! प्रतीक्षाको घडी सकिन लागिसक्यो । वीरतापूर्ण इतिहासले हामीलाई गिज्याइसक्यो । विदेशी संस्कृतिले हामीलाई खाइसक्यो । देशमा दरिद्रता र ! भ्रष्टाचार बाहेक अरु केही प्रगति हुन सकेन ।

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द टिपी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएका अंश छुट्याउनुहोस् :

मिहिनेती बाबुआमा आफ्नो सन्तानलाई पनि मिहिनेती नै बनाउन चाहन्छन् । छोराछोरी देशविदेश जाऊन् तर फर्किएर यही रोगग्रस्त देशलाई मलमपट्टी गरुन् भन्ने उनीहरुको चाहना हुन्छ । सधैँ झैझगडा भइरहने यो देशमा सबैले आ-आफ्ना सन्तानको आनीबानी सुधारेर हरेक समस्या माडमुड पार्न सक्ने बनाउन सक्नुपर्छ ।

ग) तलको अनुच्छेदबाट ६ ओटा सन्धियुक्त शब्दहरू टिपोट गरी तिनको सन्धिविच्छेद समेत गर्नु होस् :

भाइको कमाइ नराम्रो होइन तर वृद्धाश्रमको सेवार्थ जुटेकाले प्रत्यक्ष उपार्जन नदेखिएको हो । सदाचारमा रहेर वयोवृद्धहरूलाई सेवा गर्ने उसको सोच वास्तवमै मनोरम छ ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क) तलको अनुच्छेदमा रहेका वाक्यहरू पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नुहोस् :

मेरा भाइ ज्ञानी छ । ऊ पढाइमा धेरै मिहिनेत गर्छ । बहिनी पनि अज्ञानी छैनन् तर खेल्नमा धेरै ध्यान दिन्छिन् । भाइ त खेलाडी नै हो। मेरी बहिनी पनि खेल्नमा त खुब मन लगाउँछिन् ।

ख) तलको अनुच्छेदमा रहेका वाक्यहरूलाई सम्भावनार्थक भावमा परिवर्तन गर्नु होस् :

मलाई सञ्चै छ । ऊ चाहिँ के गर्दै छ ? तिम्रो घरमा त सबैजना शिक्षित छौँ । उनीहरूले पनि पढेका छन् । म त भविष्यमा विद्वान् बनेरै छाड्छु ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ६

क) ले, लाई, देखि, बाट, को, मा विभक्तिको प्रयोग गरी छ वटा वाक्यमा आफ्नो मन पर्ने विषयको वर्णन गर्नुहोस् ।

ख) तलको अनुच्छेदमा पदसङ्गति नमिलेका वाक्यलाई मिलाएर पुनर्लेखन गर्नुहोस् :

मेरो साथीहरू आयो । उनीहरू एक हप्ता यतै बस्छ रे । उनीहरूकी आमा छन् रे । अब हामीलाई खुब रमाइलो हुने छन् । हामी सबै मिलेर मजाले खेल्छ ।

८. तलका कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् : २×३=८

क) तलका करण वाक्यहरूलाई अकरणमा परिवर्तन गर्नुहोस् :

शिवनारानलाई फसाद पऱ्यो । उनी त्यस दिन खेतबाट चाँडै फर्किए । गोदत्त प्रसादलाई घरैमा भेटे । उनलाई असह्य रिस उठ्यो । रिसको झोँक नानीथकुँ माथि खन्याए ।

ख) तलका वाक्यहरुलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

हामी फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दथ्यौँ । ती कपासका फुलहरू छरिए झैँ थिए । ती हावाका गतिसँगै यता र उति खेल्थे । त्यो नौलो अनन्तमा ती छिन छिनमा रुप बदल्थे ।

ग) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस्:

डाक्टर गोदत्त प्रसाद नानीथकुँको घरमा पुगे । माफ गर नानीथकुँ । म प्रेम वापस लिन्नँ । तिमी किन यस्ता कुरा गर्दै छौ ? म तपाईसँग जान सक्दिनँ ।

९. तलको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : १०

आजको विश्वमा मानव जातिका लागि मानव अधिकार भन्ने कुरा अपरिहार्य विषय बन्न पुगेको छ । मानव अधिकारको अभावमा मान्छेको वैयक्तिक विकास सम्भव छैन । जब एउटा नागरिक आफ्ना अधिकारहरुबाट वञ्चित रहन्छ तब त्यसको असर समाज र राष्ट्रले समेत भोग्नै पर्ने हुन्छ । अर्थात् मानव अधिकार कुनै एउटा व्यक्ति वा कुनै एउटा राज्यको मात्र सरोकारको कुरा होइन । यसको सम्मानमा संसारका हरेक व्यक्ति, समाज, राज्य एवम् अन्तर्राष्ट्रकै सहयोग अत्यावश्यक हुन्छ तापनि आफ्नो मुलुकमा मानव अधिकारलाई सम्मान गर्ने परिपाटी कायम गर्ने कि नगर्ने भन्ने विषय भने त्यस मुलुकको राज्य व्यवस्था वा सरकारमै निर्भर गर्दछ । यस अर्थमा मानव अधिकारको सम्मान गर्न र त्यसलाई सुदृढ पार्न सरकारको नै सबैभन्दा महत्वपूर्ण भूमिका रहनु स्वाभाविक हो । जहाँ मानव अधिकारको सम्मान हुँदैन त्यहाँ प्रजातन्त्र पनि हुँदैन । जहाँ प्रजातन्त्र हुन्छ त्यहाँ मानव अधिकारको सम्मान गर्नु अनिवार्य हुन्छ । मानव अधिकारलाई गौण विषय ठानेर र त्यसलाई बेवास्ता गरेर प्रजातन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात् गर्नु हो । विश्वका कतिपय मुलुकहरुमा प्रजातन्त्रका नाममा मानव अकिारको अवहेलना हुने कार्य हुँदै आएको छ । मानव अधिकार प्रति सम्मान दर्शाउने प्रजातान्त्रिक संविधानको निर्माण भएको भए पनि व्यवहारमा त्यसको पालना नगरिएका प्रशस्तै उदाहरणहरु पाइन्छन् । यसबाट के कुरा बुझ्न जरुरी हुन्छ भने संविधानमा मात्रै मानव अधिकारप्रति प्रतिबद्धता जाहेर गरेर वास्तविक रुपमा मानव अधिकारको सम्मान हुन सक्तैन । मानव अधिकारको सम्मानका लागि प्रजातान्त्रिक संविधान अनुसार स्थापित हुने सरकारको कार्यशैली पनि प्रजातान्त्रिक हुनु पर्दछ ।

**प्रश्नहरू :**

१) के मानव अधिकार वैयक्तिक विकासका लागि हो ?

२) मानव अधिकारका सम्मान कसको सरोकारको विषय हो ?

३) प्रजातन्त्र र मानव अधिकारको बीचमा कस्तो के सम्बन्ध छ ?

४) राज्यले मानव अधिकारको सम्मान कसरी गर्न सक्छ ?

५)  'अपरिहार्य' र 'निरङ्कुशता' शब्दले के के अर्थ बुझाउँछन् ?

१०. तलको अनुच्छेद पढी त्यसबाट मुख्य मुख्य पाँच बुँदा टिप्नुहोस् : ५

शिरताजको रूपमा हिमरत्नले सजिएको राष्ट्र नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ । यद्यपि प्रचार प्रसार विना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्छ । तसर्थ पर्यटन प्रवर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कला कौशल झल्काउने खालका स्तरीय पोष्टर एवम् पत्र पत्रिका विश्वभर फैलाउनु पर्दछ । यसका साथै पर्यटक स्वयम् पनि प्रचार प्रसारको सबल माध्यम बन्न सक्ने यथार्थको आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न सकिन्छ । यसका लागि सेवा भावनाले प्रेरित हुँदै होटलहरुको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । त्यस्तै गरी निजी क्षेत्रमा सञ्चालित नेपालका ट्राभल एजेन्सी र ट्रेकिङ व्यवसायीहरुले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशिलता बढाउनु पर्ने देखिन्छ । यसका साथै पर्यटन विकासमा यातायातको भुमिका पनि निकै महत्वपुर्ण मानिन्छ । नेपाल भूपरिवेष्टित मुलुक भएकाले यो देश जल यातायातको सुविधाबाट वञ्चित छ । यही तथ्यलाई हृदयङगम गरी हामीले पर्यटन प्रवद्धनका लागि वर्तमान मानव जीवनको महत्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यवस्थित र सङ्गठित रुपबाट गर्नु अनिवार्य हुन्छ । यिनै कुरालाई साकार रूप दिन नेपालले पनि केही समयका अन्तरालमा 'नेपाल भ्रमण वर्ष' को आयोजना गर्दै आएको छ ।

११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क)  राष्ट्रिय खोप दिवस सञ्चालन सम्बन्धी नेपाल सरकार गृह मन्त्रालयबाट निकालिने सूचनाको नमुना बनाउनु होस् ।

ख)  भर्खरै बजारमा आएको उच्च मा.वि. तहको अनिवार्य नेपाली विषयको सहयोगी पुस्तकको पत्रिकामा निकालिने विज्ञापनको नमुना बनाउनुहोस् ।

१२. राजमार्गमा भएको कुनै एक सवारी दुर्घटनाको प्रतिवेदन तयार पार्नुहोस् : ५

**अथवा**

'लोकतन्त्र र अनुशासन' शीर्षकमा १५० शब्द सम्मको टिप्पणी लेख्नुहोस् ।

१३. कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाई निवन्ध रचना गर्नुहोस् : १०

क)  स्वच्छ वातावरण स्वस्थ जीवन

ख)  नेपालको जलश्रोत सम्पदा

ग) नागरिक अधिकार र कर्तव्य

१४. एक चिहान उपन्यासको तल दिइएको अंश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : १०

"किसानका सन्तानले आराम गर्नु पाप हो ।शरीरमा एकथोपा मात्र रगत बाँकी भए पनि पसिनाको रूपमा निकालेर खेतलाई चढाउनु पर्छ किनभने किसानको परिश्रम र पसिना नै जगत्को जीवन हो ।जिन्दगीको ज्योति हो ।"

**प्रश्नहरुः**

**क.** माथिको भनाइ कसको हो ? उक्त भनाइका आधारमा वक्ताको श्रमप्रतिको दृष्टिकोण बारे प्रकाश पार्नु होस् ।

**ख**. आजका किसानहरूले आफ्नो श्रम र पसिनाको उचित मुल्य पाएका छन् त ? आफ्नो विचार लेख्नुहोस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०

क) तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

म तिम्रो मृतदेहसँग जिउदैं मर्न सक्छु
म तिमीहरूको सामुहिक बलात्कार खपेर बाँच्न सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भ धारणको अतिशय पट्यार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्दैन ।

**प्रश्नहरू :**

अ) पहिलो पङ्क्तिमा कविले के भन्न चाहेकी हुन ?

आ) कविले 'म'का कस्ता समस्या प्रस्तुत गरेकी छन् ?

इ) 'तिमी' ले नभोगेको कुराका माध्यमबाट कविले भन्न खोजेका कुराहरु के के हुन्?

ई) सामुहिक बलात्कार, रजस्वला, अस्मिता, गर्भ धारण र प्रसव अवस्थाको कारण नै महिलाहरुलाई पछि पारिएको हो ? आफ्ना छोटो तर्क प्रस्तुत गर्नुहोस् ।

उ) 'अतिशय' र 'सीमातीत' शब्दको अर्थ लेख्नुहोस् ।

ख) तलको उद्धरण पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

सुनखानी ! तिमीले ढिलो भो भनेर दुःख चाहिँ नमानी दिनु । जेसुकै होस् जहिलेसुकै होस् मेरो जीवनमा साँझ पर्नु अगावै एक अँजुली सेता फुलहरू ल्याएर तिम्रा पाउमा भक्तिले चढाउने छु र त्यस खुसीयालीमा अश्रुधाराहरुले चिम्रा पाउहरु पखाल्दै अन्जानमा

आफूबाट हुन गएका गल्तीका लागि पनि क्षमा माग्ने छु । तिमीले मलाई जति नै निष्ठुरी सम्झे पनि मैले मेरो गाउँको गुराँसको भरभराउँदो बैँस भुलेकी छैन, डाँफे चरीको स्वतन्त्र उडान भुलेकी छैन, कोइलीको कुहु भुलेकी छैन अनि न्याउली चरीले गाउने तिम्रो विरह गीत पनि भुलेकी छैन । मैले केही केही भुलेकी छैन, किनभने मैले मैलाई पनि भुलेकी छैन ।

**प्रश्नहरू :**

अ) माथिको अनुच्छेदमा कसले किन दुःख नमानि दिनु भनेको हो ?

आ) 'म' पात्रले के के गर्ने प्रण गरेकी छन् ?

इ) म पात्रले के के भुलेकी छैनन् ?

ई) मैले मैलाई पनि भुलेकी छैन भन्नुको तात्पर्य के हो ?

उ) 'अश्रुधारा' र 'भरभराउँदो बैँस' पद पदावलीलाई तात्पर्य स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

ग) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस्–

"यो सबै सङ्गत गुनको फल । ठुला बडाको सङ्गतको विष त महामारी फैले झैँ पो फैलन्छ त । यसले हामी जस्ताको त प्राणै चुस्छ । त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनौ तिमी ।" "यो क्या, छोटाहरूको छिमेक रे, हाम्रो दिदीआमाले भन्या । यहाँका छोटाहरूको सङ्गतले म बिग्रिएँ रे क्या, त्यसैले हामी घर सरेको ।"

**प्रश्नहरू :**

अ) माथिका भनाइ ककसका हुन् ?

आ) माथिका पहिलो र दोस्रो उद्धरणमा वक्ताको दृष्टिकोणमा के भिन्नता छ ?

इ) 'ठुला बडाको सङ्गतको विष त महामारी फैलिए झैँ पो फैलिन्छ त भन्नुको तात्पर्य के हो ?

ई) दिदीआमाको व्यवहारका कारण बाल्यप्रेममा बाधा पुगेको छ भन्ने कुराप्रति तपाईँ सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन ?

उ) छोटा र बडाको समाज नहुनका लागि के हुनु पर्ला ?

१६. भोकमरीबाट बच्न नेपालमा के उपाय गर्नुपर्ला ? 'खाद्य सङ्कट र जैविक विविधता' निबन्धका आधारमा आफ्नो राय दिनुहोस् : ५

**समाप्त**